मध्यपश्चिमाञ्चल विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

पत्र संख्या :-
चलानी नम्बर :-

मिति २०७७ /०४/१९

## सूचना

विश्वव्यापी रुपमा देखापरेको Covid-19 महामारी र त्यसले शिक्षा क्षेत्रमा पारेको असर अत्याधिक छ । हालसम्म Covid-19 महामारीको औषधी/ खोप पत्ता नलागेको कारण शैक्षिक क्षेत्र थप प्रभावित हुने सहजै अनुमान गर्न सकिन्छ । तसर्थ, विश्वविद्यालयका पठन पाठन र परीक्षा जस्ता गतिविधिलाई वर्तमान समयको आवश्यकतासँगै फरक ढंगले सम्वोधन गर्नु अपरिहार्य भएको हुँदा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मिति २०७७ श्रावण १६ गते वसेको पदाधिकारी बैठकको निर्णय अनुसार निम्न वमोजिम हुने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराउदछु ।

**(क) मध्यवर्ती परीक्षा (Mid-term exam ) को सम्वन्धमा**

विद्यार्थीहरु भौतिक रुपमा क्याम्पसमा उपस्थित भई Mid-term परीक्षा दिने वातावरण हाल नभएकोले त्यस्ता विद्यार्थीहरुको Mid-term परीक्षा Online (Synchronous) वा Offline (Asynchronous) वा दुवै विधुतीय माध्यमको प्रयोग गरी लिइने । प्रश्नपत्रको ढाँचा Objective, Subjective र Project based Assignment को समान पूणाङ्क हुने गरी मिश्रीत प्रकृतिको तयार गरिने ।

**(ख) स्थगित परीक्षा फारमको सम्बन्धमा :**

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयले २०७६ चैत्रमा, लकडाउन सुरु हुनुपुर्व, खुलाईएको परीक्षा फारमहरु Covid-19 महामारीका कारण स्थगित हुन गएकाले उक्त विद्यार्थीहरुको लागि २०७७ भाद्र १९ गते सम्म परीक्षा फारम भर्ने अवधि राखिइने ।

**(ग) शुल्क सम्बन्धमा :**

मिति २०७६ चैत्र महिनादेखि लकडाउन भए पश्चात समग्र जनजीवन कस्टकर हुनुका साथै आर्थिक उपार्जनका क्षेत्र नराम्रोसंग प्रभावित भएकाले विद्यार्थी एवं अभिभावकलाइ पर्न सक्ने आर्थिक संकटलाई दृष्टिगत गर्दै विद्यार्थीहरुले तिर्नुपर्ने २०७६ चैत्र देखि बाँकी अवधिको शुल्क यदि विद्यार्थीहरुले पूरै तिर्न नसक्ने भएमा जति सक्दछन् सोही लिने र बाँकी रहेको शुल्क पछिल्लो लगत्तै आउने सेमेष्टरमा लिने । तर परीक्षा फारम शुल्क अनिवार्य रुपमा लिइने ।

**(घ) नियमित कक्षा संचालन र सेमेष्टर अपग्रेड सम्वन्धमा :**

दैनिक कक्षा संचालनका वैकल्पिक विधिहरु प्रयोग गरी कोर्ष पुरा गरिसकिएको तर Covid-19 महामारीको कारण सत्रान्त परीक्षा सञ्चालन गर्ने वातावरण नवनेको अवस्थामा त्यस्ता विद्यार्थीहरुलाई त्यसपछिको लगत्तै आउने सेमेष्टरमा अपग्रेड गर्ने र मध्यपश्चिमाञ्चल विश्वविद्यालयको Digitial,Virtual and Alternative Teachning Learing,& Operating Systems Policy Guideline 2020 अनुसार सम्वन्धित कक्षा संञ्चालनलाई निरन्तरता दिइने ।

**(ङ) सत्रान्त परीक्षा सम्वन्धमा :**

सत्रान्त परीक्षा नदिई पछिल्लो सेमेस्टरमा अपग्रेड गरिएका विद्यार्थीहरुको दुवै सेमेस्टरको परीक्षा Covid-19 को अवस्था, यसको असर र नेपाल सरकारको निर्णय अनुसार उपयुक्त समयमा विद्यार्थीहरुलाई सहज हुनेगरी सञ्चालन गरिने ।

२०७७/०४/१९

डा. आनन्दप्रसाद सुवेदी
परीक्षा व्यवस्थापन प्रमुख
परीक्षा व्यवस्थापन प्रमुख